apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



सुनकोशी-मरिण डाइभर्सन आयोजना रोकिए मधेश आन्दोलित हुने मनिष झाको चेतावनी

समाचार ४ पृष्ठ


● वर्षः १२ ● अंकः ३११ ● पृष्ठः ४ ● ०९ मंसिर २०८३ बुधबार (25 November 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

३ वन बुट्यान पर्तीको तीन बिघा जग्गा व्यक्तिका नाममा दर्ता, बदर गर्न वन कार्यालयको पत्राचार

लगत कट्टाका लागि २०८० कार्तिकमै पत्र, तीन वर्ष बित्दासमेत कार्यान्वयन भएन

शुभ नारायण कामती
सिरहा, मंसिर ०८ गते

सिरहाको सावित चन्द्रउदयपुर गाविस-८(क) मा वन बुट्यान पर्तीका रूपमा रहेको करिब तीन बिघा जग्गा विभिन्न व्यक्तिका नाममा दर्ता हुँदै मारुती सिमेन्ट प्रालिका सञ्चालकको नाममा समेत नामसारी भएको भन्दै डिभिजन वन कार्यालय सिरहाले उक्त दर्ता बदर गरी जग्गालाई वनकै रूपमा कायम गर्न भूमिसुधार तथा मालपोत कार्यालयलाई पत्राचार गरेको छ। तर, वन कार्यालयले लगत कट्टा तथा दर्ता बदरका लागि गरेको पत्राचार तीन वर्ष बित्दासमेत कार्यान्वयनमा आउन सकेको छैन।



डिभिजन वन कार्यालय सिरहा, लहानले २०८० कार्तिक १२ गते भूमिसुधार तथा मालपोत कार्यालय सिरहालाई पत्र पठाउँदै सावित चन्द्रउदयपुर गाविस वडा नं. ८(क) का कित्ता नं. २०० को ०-१७-१०, कित्ता नं. २०२ को ०-१५-६ र कित्ता नं. २०६ को १-७-८ गरी कुल तीन बिघा चार धुर जग्गा वन बुट्यान पर्तीका रूपमा रहेको उल्लेख गरेको छ।

वन कार्यालयका अनुसार उक्त जग्गामा डाँडा, झाडी तथा विभिन्न प्रजातिका रुखहरू रहेका थिए। वन क्षेत्रका रूपमा कायम हुनुपर्ने जग्गा तत्कालीन सुकुम्बासी समस्या समाधान आयोगको निर्णयका आधारमा विभिन्न व्यक्तिका नाममा जग्गाधनी प्रमाणपुर्जा तयार गरी दर्ता गरिएको थियो। त्यसपछि पुराना कित्ता विभाजन गरी कित्ता नं. ६७८, ६७९, ६८०, ६८१, ६८२, ६८३, ६८४, ६८७, ६८८ र ६८९ कायम गरिएको वन कार्यालयको पत्रमा उल्लेख छ।

वन कार्यालयका अनुसार आयोगबाट वितरण गरिएको उक्त जग्गाका जग्गाधनीहरूले २०७३ र २०७४ सालमा मारुती सिमेन्ट प्रालिका सञ्चालक अनुज राठी र मनोजकुमार गोयललाई बिक्री गरी नामसारी गरेका थिए।

उक्त जग्गा वन बुट्यान पर्तीका रूपमा रहेको भन्दै दर्ता बदर गरी पुरानै अवस्थामा कायम गर्न माग गर्दै तत्कालीन गोलबजार नगरपालिका-१० का वडाध्यक्ष देवनारायण महतोसमेतले २०७७ भदौ १७ गते डिभिजन वन कार्यालयमा निवेदन दिएका थिए। सोही निवेदनका आधारमा वन कार्यालयले जग्गाको अवस्था र दर्ता प्रक्रियाबारे अध्ययन तथा अनुसन्धान अघि बढाएको थियो।

वन कार्यालयले उक्त जग्गासम्बन्धी निर्णय गर्दा वनसम्बन्धी कानुनी व्यवस्था, सर्वोच्च अदालतबाट

बाँकी पृष्ठ ३ ▸▸

सामाचकेवा पर्व विधिपूर्वक सम्पन्न

दाजुभाइप्रति प्रेम, समर्पण र कृतज्ञता प्रकट गर्दै माटाका आकृति विसर्जन



अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०८ गते

सिरहासहित मिथिला क्षेत्रमा दिदीबहिनी र दाजुभाइबीचको प्रेम, आत्मीयता तथा सद्भावको प्रतीक मानिने सामाचकेवा पर्व मंगलबार राति विधिपूर्वक सम्पन्न भएको छ।

कार्तिक शुक्ल पञ्चमीदेखि सुरु भई कात्तिक पूर्णिमाका दिन समापन गरिने परम्पराअनुसार दिदीबहिनीहरूले माटोबाट बनाएका सामा, चकेवा, चुगला, वृन्दावन, सप्तर्षिलगायतका आकृतिहरू विसर्जन गर्दै पर्वको समापन गरेका हुन्।

पर्वको अन्तिम दिन दाजुभाइले माटाका आकृतिहरू घुँडामा राखेर फुटाउने र दिदीबहिनीहरूले ती टुक्रा जोतिएको खेत वा निर्जन स्थानमा गाडेर विधिपूर्वक विसर्जन गर्ने परम्परा छ। यस अवसरमा दिदीबहिनीहरूले दाजुभाइलाई मिष्ठान्न परिकार खुवाउने र दाजुभाइले आफ्नो गच्छेअनुसार वस्त्र तथा नगद दक्षिणा दिने चलनसमेत रहेको छ।

सामाचकेवा पर्वका अवसरमा दिदीबहिनीहरू साँझ तथा रातिको समयमा गाउँका चौबाटो र खुला स्थानमा सामूहिक रूपमा भेला भएर सामा गीत गाउने, नाच्ने तथा रमाइलो गर्ने गर्छन्। गीतमार्फत उनीहरूले दाजुभाइको सौर्य, बहादुरी र योगदानको प्रशंसा गर्ने परम्परा रहिआएको छ। सामूहिक रूपमा मनाइने यो पर्वले दिदीबहिनीबीच आपसी एकता र सामाजिक सद्भाव कायम राख्नसमेत सहयोग पुऱ्याउँदै आएको छ।

बाँकी पृष्ठ ४ ▸▸

मेची-महाकाली पदयात्रा सिरहा आइपुग्यो, सांसद सिंहद्वारा स्थानीयवासीप्रति आभार व्यक्त

जनताको आवाज सुन्न र समस्या बुझ्न पदयात्रा सञ्चालन गरिएको सिंहको भनाइ, बुधबार धनुषातर्फ जाने

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०८ गते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद अमरेशकुमार सिंहको नेतृत्वमा सञ्चालन भइरहेको मेची-महाकाली पदयात्रा सिरहा आइपुगेको छ।

मेचीदेखि महाकालीसम्मका नागरिकसँग प्रत्यक्ष संवाद गर्ने उद्देश्यले अघि बढाइएको पदयात्रा सप्तरी हुँदै मंगलबार बिहान सिरहाको भगवानपुर गाउँपालिका आइपुगेको थियो। हुलाकी सडक हुँदै अघि बढेको पदयात्रा मंगलबार साँझ जिल्ला सदरमुकाम सिरहा पुगेको हो।



पदयात्राका क्रममा सांसद सिंहले अभियानलाई साथ, समर्थन र हौसला प्रदान गर्ने सिरहाका सम्पूर्ण स्थानीयवासी तथा शुभेच्छुकप्रति आभार व्यक्त गरेका छन्।

उनले जनताको आवाज सुन्ने, नागरिकका भावना बुझ्ने तथा उनीहरूका समस्या र मुद्दालाई आत्मसात् गर्ने उद्देश्यले पदयात्रा सञ्चालन गरिएको बताए। नागरिकसँग प्रत्यक्ष भेटघाट र संवादमार्फत उनीहरूका विचार, अपेक्षा तथा समस्याबारे जानकारी

बाँकी पृष्ठ २ ▸▸

सरयू-कमला एक्सप्रेसले धार्मिक पर्यटनसँगै रोजगारी र उद्यमशीलता बढाउँछः मन्त्री यादव

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०८ गते

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले अयोध्या र जनकपुरधामबिच सुरु भएको रेल सेवाले धार्मिक तथा सांस्कृतिक पर्यटनसँगै स्थानीय स्तरमा रोजगारी, व्यापार र उद्यमशीलताका नयाँ अवसर सिर्जना गर्ने बताएका छन्।

मंगलबार जनकपुरधाममा आयोजित कार्यक्रममा बोल्दै मन्त्री यादवले सरयू-कमला एक्सप्रेसले नेपाल र भारतबिचको हजारौँ वर्ष पुरानो धार्मिक, सांस्कृतिक तथा पारिवारिक सम्बन्धलाई आधुनिक यातायात पूर्वाधारसँग जोडेको बताएका हुन्।

उनले अयोध्याबाट प्रस्थान गरेको रेल जनकपुरधाम आइपुगेपछि दुई देशबिचको सम्बन्धका लागि ऐतिहासिक उपलब्धि भएको उल्लेख गरे। रामजानकी विवाहको प्रसङ्ग उल्लेख गर्दै यादवले अयोध्या र जनकपुरबिचको सम्बन्ध दुई सहरबीचको सम्बन्ध मात्र नभई बेटी-ज्वाइँ, परिवार, संस्कृति, परम्परा र आस्थाको सम्बन्ध भएको बताए। यस वर्षको विवाहपञ्चमीमा अयोध्याबाट आउने श्रद्धालु तथा भक्तजनलाई रेलमार्गबाटै जनकपुरधाम आउन सहज हुने उनको भनाइ छ।



मन्त्री यादवले सरयू-कमला एक्सप्रेस सञ्चालनले जनकपुरधामको पर्यटन सम्भावनालाई अन्तर्राष्ट्रिय स्तरमा विस्तार गर्ने बताए। धार्मिक पर्यटकहरू जानकी मन्दिर दर्शन गरेर मात्रै फर्किने नभई केही दिन जनकपुरमा बसेर मिथिलाको संस्कृति,

बाँकी पृष्ठ ३ ▸▸

कुमार बेनलाई पक्राउ गर्न माग गर्दै वाईसीएल सचिवले दिए प्रहरीमा जाहेरी



अपन दैनिक संवाददाता
राजविराज, मंसिर ०८ गते

प्रधानमन्त्री बालेन्द्र शाहका प्रमुख सल्लाहकार कुमार बेनलाई पक्राउ गरी अनुसन्धान गर्न माग गर्दै प्रहरीमा जाहेरी परेको छ।

वाईसीएलका केन्द्रीय सचिव धनबहादुर वलीले जिल्ला प्रशासन कार्यालय, जिल्ला सरकारी वकिल

बाँकी पृष्ठ ३ ▸▸

सप्तरीमा हात्तीको आक्रमणबाट दुई युवक घाइते, एक दर्जनबढी घरमा क्षति



अपन दैनिक संवाददाता
राजविराज, मंसिर ०८ गते

सप्तरीको अग्निसाइर कृष्णासवरन र रुपनी गाउँपालिकामा मंगलबार बिहान हात्तीको आक्रमण परेर दुई युवक घाइते भएका छन्।

अग्निसाइर कृष्णासवरन-२, गुम्वा टोलमा बिहानै खेतमा धान खाइरहेको हात्ती धपाउन पुगेका ३५ वर्षीय गजेन्द्र साह र गाउँमा पसेका हात्ती धपाउन पुगेका रुपनी-६, का ४७ वर्षीय शिवशंकर यादव आक्रमणमा परेका हुन्।

हात्तीको आक्रमणमा परेर साहको हात भाँचिएको र विभिन्न भागमा गम्भीर चोट लागेको वडाध्यक्ष पशुपतिप्रसाद चौधरीले बताए। उनकाअनुसार हात्तीको आक्रमणबाट अचेत भएर खेतमै लडेका साहलाई

बाँकी पृष्ठ ४ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

सरयू कमला एक्सप्रेस मित्रताको नयाँ सेतु

नेपाल र भारतबीचको सम्बन्ध भौगोलिक सीमाना, राजनीतिक कूटनीति र आर्थिक कारोबारमा मात्र सीमित छैन् । यो सम्बन्ध हजारौँ वर्ष पुरानो सभ्यता, संस्कृति, धर्म, परम्परा र जनस्तरको आत्मीयतासँग जोडिएको छ। यही ऐतिहासिक तथा सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ बनाउने एउटा महत्वपूर्ण अध्यायका रूपमा अयोध्या-जनकपुरधाम सीधा रेल सेवा सञ्चालनमा आएको छ। भगवान् श्रीराम र माता सीताको पवित्र सम्बन्धसँग जोडिएका यी दुई ऐतिहासिक धार्मिक नगरी अब रेलमार्गबाट प्रत्यक्ष रूपमा जोडिनु नेपाल-भारत सम्बन्धका लागि विशेष महत्को घटना हो। नेपालका प्रधानमन्त्री बालेन्द्र शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा भर्चुअल माध्यमबाट अयोध्या-जनकपुरधाम रेल सेवाको उद्घाटन गरेका छन्। 'सरयू-कमला एक्सप्रेस' नाम दिइएको यो रेल सेवाले करिब ६०४ किलोमिटर दूरी पार गर्दै अयोध्या र जनकपुरधामलाई जोडेको छ। प्रारम्भिक चरणमा सातामा एकपटक सञ्चालन हुने यस सेवाको नियमित व्यावसायिक सञ्चालन नोभेम्बर २८ बाट सुरु हुने जनाइएको छ। यसले दुई देशबीचको यातायात सम्पर्कमा नयाँ आयाम थपेको छ। अयोध्या भगवान् श्रीरामको जन्मभूमिका रूपमा विश्वभरका हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्र हो भने नेपालको जनकपुरधाम माता सीताको जन्मभूमि तथा मिथिला सभ्यताको ऐतिहासिक केन्द्रका रूपमा परिचित छ। त्रेतायुगको रामायण परम्परामा वर्णित राम-सीताको विवाह सम्बन्धले यी दुई स्थानलाई धार्मिक, सांस्कृतिक र भावनात्मक रूपमा एकअर्कासँग जोडेको छ।

जनकपुरधाम र अयोध्या दुई सहर मात्र होइनन्। यी दुई देशका साझा धार्मिक विश्वास, सांस्कृतिक विरासत र सभ्यतागत आत्मीयताका प्रतीक पनि हुन्। यस्तो अवस्थामा यी दुई पवित्र स्थललाई सीधा रेल सेवाबाट जोडिनु सामान्य यातायात सुविधा थपिनु मात्र होइन्। यो शताब्दीयौँदेखि कायम रहेको सांस्कृतिक सम्बन्धलाई आधुनिक यातायात पूर्वाधारमार्फत नयाँ पुस्तासम्म विस्तार गर्ने प्रयास पनि हो। यसले नेपाल र भारतका नागरिकलाई एकअर्काको धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनलाई नजिकबाट बुझ्ने अवसर प्रदान गर्नेछ। यस रेल सेवाबाट सबैभन्दा ठूलो लाभ धार्मिक पर्यटन क्षेत्रमा पुग्ने अपेक्षा गर्न सकिन्छ। अहिलेसम्म अयोध्या जान चाहने नेपाली तीर्थयात्री र जनकपुरधाम आउन चाहने भारतीय श्रद्धालुहरूले विभिन्न यातायातका साधन प्रयोग गर्दै लामो र झन्झटिलो यात्रा गर्नुपर्ने अवस्था थियो। अब सीधा रेल सम्पर्कले यात्रालाई सहज, व्यवस्थित र तुलनात्मक रूपमा सुविधाजनक बनाउनेछ। विशेषगरी ज्येष्ठ नागरिक, महिला, बालबालिका तथा ठूलो समूहमा तीर्थयात्रा गर्नेहरूलाई यसले थप सुविधा पुऱ्याउन सक्छ। धार्मिक पर्यटनको विस्तारसँगै आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्नेछ। जनकपुरधाममा होटल, यातायात, भोजनालय, हस्तकला, धार्मिक सामग्री, स्थानीय उत्पादन तथा अन्य सेवा व्यवसायको माग बढ्न सक्छ। भारतीय पर्यटकको आगमनले मिथिलाको कला, संस्कृति, भाषा, खानपान र परम्पराको अन्तर्राष्ट्रिय पहिचान विस्तार गर्न सहयोग पुग्नेछ। त्यस्तै नेपाली तीर्थयात्रीको अयोध्या आवागमनले भारतका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रको आर्थिक गतिविधिमा योगदान पुऱ्याउनेछ। तर यस अवसरलाई धार्मिक पर्यटनको सीमित घेराभित्र राख्नु हुँदैन्। जनकपुरधाम र अयोध्याबीचको रेल सम्बन्धलाई नेपाल-भारतबीचको व्यापक आर्थिक, सामाजिक र सांस्कृतिक सम्पर्क विस्तारको माध्यमका रूपमा विकास गर्नुपर्छ। रेलमार्गसँग जोडिएका बिहार र उत्तर प्रदेशका विभिन्न सहर तथा बजारले पनि यसको लाभ लिन सक्ने सम्भावना छ। यसले सीमावर्ती क्षेत्रको आर्थिक गतिविधि, रोजगारी र स्थानीय उद्यमशीलतालाई प्रोत्साहित गर्न सक्छ।

यो रेल सेवाको नियमितता, समयपालना, यात्रुको सुरक्षा, सहज टिकट व्यवस्था, सरसफाइ र गुणस्तरीय सेवामा दुवै सरकारले विशेष ध्यान दिन आवश्यक छ। अहिले सातामा एकपटक सञ्चालन हुने सेवाको यात्रु चाप र मागका आधारमा आवृत्ति बढाउन सकिन्छ। रेल सेवामा प्रयोग हुने नेपाली भूभागको पूर्वाधारलाई आधुनिक र विद्युतीय प्रविधियुक्त बनाउने दिशामा समेत ध्यान दिनुपर्छ। नेपालभित्र रेल पूर्वाधारको विस्तार र स्तरोन्नतिका लागि यस अवसरलाई उपयोग गर्न सक्नुपर्छ। जनकपुरधामलाई धार्मिक पर्यटनको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा विकास गर्न स्थानीय, प्रदेश र संघीय सरकारले समन्वयात्मक योजना बनाउनुपर्छ। जानकी मन्दिर, विवाहमण्डप, धनुषाधाम, गंगासागर, दूधमती, सलहेश, छिन्नमस्ता लगायत मिथिलाका धार्मिक तथा सांस्कृतिक सम्पदालाई व्यवस्थित पर्यटकीय सञ्जालमा जोड्न सकिन्छ। पर्यटकलाई मन्दिर दर्शन गराएर फर्काउने होइन, मिथिलाको मौलिक संस्कृति, कला, साहित्य, लोकगीत, लोकनृत्य, परम्परागत खानपान र ऐतिहासिक सम्पदासँग परिचित गराउने वातावरण बनाउनुपर्छ। यसका लागि जनकपुरधामको सरसफाइ, सडक, सार्वजनिक शौचालय, सूचना केन्द्र, पर्यटकमैत्री सेवा, होटल व्यवस्थापन र सुरक्षामा सुधार अपरिहार्य छ। धार्मिक पर्यटनको लाभ स्थानीय नागरिकसम्म पुग्न सकेमा मात्रै यसको वास्तविक औचित्य स्थापित हुनेछ। नेपाल र भारतबीच विगतमा राजनीतिक, कूटनीतिक तथा सीमा सम्बन्धी विभिन्न विषयमा मतभिन्नता देखिँदै आएका छन्। तर यस्ता विषयले दुई देशबीचको ऐतिहासिक जनस्तरको सम्बन्धलाई कमजोर बनाउनु हुँदैन्। आपसी सम्मान, समानता, विश्वास र सहकार्यका आधारमा सम्बन्धलाई अझ बढाउनु दुवै देशको हितमा छ। अयोध्या-जनकपुर रेल सेवाले जनस्तरको सम्बन्धलाई अझ बलियो बनाउने एउटा व्यावहारिक अवसर प्रदान गरेको छ।

मधेशको संस्कृति स्वीकार, अधिकार अझै अस्वीकार ?

पुराना राजनीतिक दलहरू आफ्नो कमजोर हुँदै गएको जनाधार जोगाउने प्रयासमा छन् भने नयाँ दलहरू पनि आफ्नो संगठन विस्तार र राजनीतिक स्वीकार्यता बढाउन चाहन्छन् । यस्तो अवस्थामा छठजस्तो ठूलो जनसहभागिता हुने पर्व राजनीतिक दलका लागि जनतासँग प्रत्यक्ष सम्पर्क स्थापित गर्ने एउटा अवसर बन्न सक्छ ।





विन्दकिशोर साह

> **छठ घाटमा देखिएको भिडलाई कुनै नेताको लोकप्रियताको प्रमाण वा कुनै पार्टीको सुनिश्चित मतका रूपमा बुझ्नु राजनीतिक भूल हुनेछ । त्यो भिड आस्थाको हो, विश्वासको हो र पुस्तौंदेखि चल्दै आएको सांस्कृतिक परम्पराको निरन्तरता हो ।**

आस्था, प्रकृति पूजा, निष्ठा र सामाजिक समानताको प्रतीक छठ पर्व भखैरै सम्पन्न भएको छ। अस्ताउँदो र उदाउँदो दुवै अध्यिामा सूर्यलाई समान श्रद्धाका साथ अर्घ्य अर्पण गरिने यो पर्व मधेशको धार्मिक तथा सांस्कृतिक जीवनसँग गहिरो रूपमा जोडिएको छ। आज छठ मधेशको सीमाभित्र मात्र सीमित छैन, नेपालको राष्ट्रिय सांस्कृतिक पहिचानको एउटा महत्त्वपूर्ण हिस्सा बनिसकेको छ।

यस वर्षको छठमा धार्मिक आस्थासँगै राष्ट्रिय राजनीतिका दृश्यहरू पनि विशेष रूपमा देखिए। नेपाली कांग्रेसका सभापति गगनकुमार थापा सर्लाही पुगे। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने जनकपुरधामस्थित गंगासागरमा छठ मनाउन पुगे । उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङलगायत विभिन्न राजनीतिक दलका नेता तथा अन्य विशिष्ट व्यक्तिहरू पनि मधेशका विभिन्न स्थानमा देखिए ।

राजनीतिक दलका शीर्ष नेताहरू मधेशको सांस्कृतिक पर्वमा सहभागी हुनु आफैंमा सकारात्मक कुरा हो । यसले विभिन्न भूगोल, भाषा, संस्कृति र समुदायबीचको दूरी घटाउन मद्दत गर्छ। तर, यससँगै एउटा प्रश्न पनि उठ्छ, के यी भ्रमण केवल सांस्कृतिक आत्मीयताको अभिव्यक्ति हुन् वा बदलिँदो राजनीतिक परिस्थितिमा मधेशको जनमत आकर्षित गर्ने रणनीति पनि हुन् ? नेताहरूको उपस्थितिलाई गलत भन्न खोजिएको होइन । प्रश्न यति मात्र हो, छठ घाटमा देखिएको यो आत्मीयता मधेशका जनताको अधिकार, समस्या र राजनीतिक अपेक्षासम्म पनि पुग्छ कि पुग्दैन ?

मधेश नेपालको राजनीतिमा महत्त्वपूर्ण जनमत भएको क्षेत्र हो। यहाँको जनसंख्या, निर्वाचन क्षेत्र, सामाजिक विविधता र राजनीतिक प्रभावका कारण राष्ट्रिय सत्ता राजनीतिमा मधेशको भूमिका निर्णायक बन्न सक्छ । त्यसैले राष्ट्रिय राजनीतिक दलहरूका लागि मधेशको जनमत सधैँ महत्त्वपूर्ण रहँदै आएको छ। पुराना राजनीतिक दलहरू आफ्नो कमजोर हुँदै गएको जनाधार जोगाउने प्रयासमा छन् भने नयाँ दलहरू पनि आफ्नो संगठन विस्तार र राजनीतिक स्वीकार्यता बढाउन चाहन्छन्। यस्तो अवस्थामा छठजस्तो ठूलो जनसहभागिता हुने पर्व राजनीतिक दलका लागि जनतासँग प्रत्यक्ष सम्पर्क स्थापित गर्ने एउटा अवसर बन्न सक्छ।

छठ घाटमा हजारौँ मानिस स्वाभाविक रूपमा भेला हुन्छन्। त्यहाँ नेताहरूको उपस्थिति, स्थानीयसँगको भेटघाट, शुभकामना आदानप्रदान र सामाजिक सञ्जालमा सार्वजनिक हुने तस्बिरहरूले उनीहरूको राजनीतिक छवि निर्माणमा पनि भूमिका खेल्न सक्छन्। यसलाई चुनावी रणनीति नै हो भनेर ठोकुवा गर्न मिल्दैन। तर, राजनीतिक दलहरू जनमत विस्तारको सम्भावना खोजिरहेका बेला यस्ता सांस्कृतिक उपस्थितिलाई राजनीतिक दृष्टिले पनि हेर्नुपर्ने हुन्छ। मधेशका जनताले पनि अब एउटा कुरा बुझ्नुपर्छ। नेताहरू छठ घाटमा आए, अर्घ्य दिए, हात जोडे र तस्बिर खिचाए भन्दैमा उनीहरू मधेशका सबै समस्या र मुद्दाप्रति प्रतिबद्ध छन् भन्ने निष्कर्ष निकाल्न सकिँदैन । उनीहरूको वास्तविक प्रतिबद्धता व्यवहार, नीति, कार्यक्रम र निर्णयबाट परीक्षण हुनुपर्छ।

वास्तवमा, मधेशका जनताले खोजेको कुरा केवल राष्ट्रिय नेताहरूको उपस्थिति होइन। उनीहरूले राज्यको नीति निर्माण र स्रोतसाधनको बाँडफाँटमा सम्मानजनक हिस्सेदारी खोजेका छन्। आज पनि मधेशका किसानले समयमा मल र बीउ पाउन सकेका छैनन्। सिँचाइको समस्या छ। चुरे क्षेत्रको अनियन्त्रित दोहन र भूजलको घट्दो सतहले मधेशको भविष्यलाई नै चुनौती दिइरहेको छ। कृषि उत्पादनको उचित मूल्य र बजार व्यवस्थापनको समस्या छ। रोजगारीको अभावमा हजारौँ युवा वैदेशिक रोजगारीमा जान बाध्य छन्। नागरिकतासम्बन्धी व्यावहारिक जटिलता, संघीयताको अपूर्ण कार्यान्वयन, प्रदेशको अधिकार, प्रशासनिक पहुँच र राज्यका निकायमा समानुपातिक प्रतिनिधित्वका सवाल अझै पूर्ण रूपमा समाधान भएका छैनन्।

यी समस्याको समाधान छठ घाटमा पुगेर अर्घ्य अर्पण गर्दा हुँदैन। किसानको खेतमा पानी पुग्नुपर्छ, युवाले आफ्नै देशमा रोजगारी पाउनुपर्छ, नागरिकले सहज रूपमा सेवा पाउनुपर्छ र प्रदेशले संविधानले दिएको अधिकार व्यवहारमा प्रयोग गर्न पाउनुपर्छ। नेताहरूले मधेशको संस्कृति र परम्परालाई सम्मान गर्नु राम्रो हो । तर, त्यो सम्मान भाषण र तस्बिरमा मात्र सीमित हुनु हुँदैन। नीति निर्माण, बजेट विनियोजन, विकास आयोजना, प्रशासनिक निर्णय र अधिकारको बाँडफाँटमा पनि देखिनुपर्छ। छठ घाटमा देखिएको आत्मीयता सिंहदरबार र संसद्का निर्णयहरूमा पनि देखियो भने मात्र त्यसले वास्तविक अर्थ पाउँछ।

अर्कोतर्फ, मधेशमा राष्ट्रिय तथा नयाँ शक्तिहरूको यो सक्रियता बढ्नुमा मधेशकेन्द्रित दलहरूको आन्तरिक कमजोरी र त्यसले सिर्जना गरेको राजनीतिक रिक्तता पनि उत्तिकै जिम्मेवार छ। मधेश आन्दोलनले नेपालको राजनीतिमा ठूलो परिवर्तन ल्यायो। संघीयता, पहिचान, समानुपातिक समावेशिता, नागरिकता र राज्यमा सम्मानजनक प्रतिनिधित्वका मुद्दालाई राष्ट्रिय बहसको केन्द्रमा पुऱ्याउन मधेशकेन्द्रित दलहरूको महत्त्वपूर्ण भूमिका रह्यो। तर, आन्दोलनबाट प्राप्त राजनीतिक शक्तिलाई संस्थागत उपलब्धिमा रूपान्तरण गर्ने सवालमा उनीहरू अपेक्षाकृत कमजोर देखिए । नेतृत्वबीचको प्रतिस्पर्धा, व्यक्तिगत महत्त्वाकाङ्क्षा, पार्टी विभाजन, आपसी अविश्वास र सत्ताकेन्द्रित राजनीतिक अभ्यासले उनीहरूको सामूहिक शक्ति कमजोर बनायो।

यहाँ एउटा तथ्य स्मरण गर्नुपर्छ। २०७४ सालको प्रदेशसभा निर्वाचनपछि तत्कालीन संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालले मधेश प्रदेशसभामा ५४ सिट प्राप्त गरेका थिए। कुल १०७ सिटमध्ये यो सामान्य बहुमत थियो। अर्थात्, मधेशकेन्द्रित दलहरूले प्रदेश सरकारको नेतृत्व गर्ने अवसर र जनादेश दुवै पाएका थिए। तर, त्यो अवसरलाई मधेशका मूल मुद्दाको स्थायी समाधान र प्रभावकारी शासन व्यवस्थामा रूपान्तरण गर्न उनीहरू कति सफल भए भन्ने प्रश्न आज पनि उत्तिकै सान्दर्भिक छ। संघीय संसद्मा भने मधेशकेन्द्रित दलहरूले कहिल्यै एक्लै बहुमत प्राप्त गरेका थिएनन्। त्यसैले प्रदेशमा प्राप्त बहुमत र संघीय तहमा उनीहरूको सीमित शक्तिलाई एउटै रूपमा बुझ्नु हुँदैन।

समस्या केवल जनताले अवसर नदिएको होइन । जनताले दिएको अवसरलाई नेतृत्वले कसरी उपयोग गऱ्यो भन्ने पनि समीक्षा हुनुपर्छ। पटकपटक सत्ताको साझेदार बन्ने अवसर प्राप्त हुँदा पनि मधेशका मूल मुद्दा राष्ट्रिय राजनीतिको प्राथमिकतामा स्थापित हुन नसक्नु गम्भीर राजनीतिक कमजोरी हो। यही कमजोरीले मधेशमा राजनीतिक रिक्तता सिर्जना गऱ्यो। त्यस रिक्ततामा पुराना राष्ट्रिय दलसँगै नयाँ राजनीतिक शक्तिहरूले पनि आफ्नो स्थान खोजिरहेका छन्। तर, एउटा कुरा स्पष्ट हुनुपर्छ। मधेशकेन्द्रित

बाँकी पृष्ठ ४ ▶▶

मेची-महाकाली पदयात्रा सिरहा .....

लिने अभियानको मुख्य उद्देश्य रहेको उनको भनाइ छ।

मेचीदेखि महाकालीसम्म नागरिकसँग प्रत्यक्ष भेटघाट तथा अन्तरक्रिया गर्दै अघि बढिरहेको पदयात्रा सिरहापछि बुधबार धनुषामा प्रवेश गर्ने जनाइएको छ।

सिंहको नेतृत्वमा जारी पदयात्रामार्फत विभिन्न क्षेत्रका नागरिकसँग संवाद गरी उनीहरूका समस्या, आवश्यकता र अपेक्षा संकलन गर्ने तथा जनताका आवाजलाई राष्ट्रियस्तरमा उठाउने लक्ष्य राखिएको बताइएको छ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे दैखि ५ बजेसम्म
अपन दैनिक पत्रिका

आजको राशिफल

मेष : दिन राम्रो छ। साथीभाइले सहयोग गर्नेछन्। राज्यले सहयोग गर्दा महत्त्वपूर्ण काम बन्ने योग छ।

बृष : दिन राम्रो छ। परिवारमा खुशी प्राप्त हुनेछ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

मिथुन : दिन सामान्य छ। शुभकार्यका लागि मन अगाडि बढ्ने छ। परिवारसँगको सम्बन्ध सुमधुर बन्नेछ।

कर्कट : दिन राम्रो छ। व्यापारमा नाफा हुनेछ। राजनीतिक क्षेत्रमा साथ र सहयोग प्राप्त हुनेछ।

सिंह : दिन सहज छ। तपाईंले गरेका प्रयास सफल हुने दिन छ। आफन्तबाट भने धोका हुने भएकाले सचेत बन्नु राम्रो हुनेछ।

कन्या : दिन सामान्य छ। परिवारको साथ मिल्ने छ। प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ।

तुला : तपाईंले सोचेका काम सहज बन्नेछन्। मानसम्मान प्राप्त हुने छ। रोगबाट मुक्त हुने दिन छ।

वृश्चिक : दिन सहज छ। बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्नेछ। सामाजिक सेवाको क्षेत्रमा नाम र दामको चर्चा हुनेछ।

धनु : व्यापारमा फाइदा हुनेछ। बौद्धिक व्यक्तिसँगको भेटले फाइदा हुनेछ।

मकर : साथीभाइले साथ दिनेछन्। तर्क गरेर आगाडि बढ्नुभन्दा थोरै बोल्दा विजय प्राप्त हुने दिन छ।

कुम्भ : बिहान सुरुमै शिवको भजन गर्नाले दिन सहज बन्नेछ। परिवारसँगको सम्बन्ध सुमधुर बन्नेछ।

मीन : निजी क्षेत्रको शिक्षामा गरेको लगानीबाट फाइदा हुनेछ। परिवारमा ठूलो विश्वास गर्नाले खटपटी बढ्ने जोखिम छ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

रेल स्वागतपछि मधेशका मुख्यमन्त्रीको माग- जनकपुर आउने भारतीय सवारीलाई २४ घण्टे भन्सार छुट दिनुपऱ्यो



अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०८ गते

नेपालका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा उद्घाटन गरेको सरयू कमला एक्सप्रेस मंगलबार बिहान जनकपुरधाम आइपुगेको छ। करिब १ हजार १०० यात्रु बोकेर आएको उक्त रेल बिहान पौने १० बजे जनकपुरधामस्थित रेल्वे स्टेसन पुगेको हो। रेलबाट आएका भारतीय यात्रुहरूलाई नेपाल रेल्वे कम्पनी लिमिटेडको अगुवाइमा भव्य स्वागत गरिएको थियो।

रेलबाट आएका यात्रुहरूको स्वागत तथा आतिथ्यका लागि रेल्वे स्टेसन परिसरमा पण्डाल निर्माण गरी खाजा तथा पानीको व्यवस्था गरिएको थियो। यात्रुहरूको स्वास्थ्य सेवाका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्नुका साथै सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएको थियो। त्यस्तै, जानकी मन्दिरसहित जनकपुरधामका धार्मिक तथा पर्यटकीय स्थलहरूको दर्शन गराउन २५ वटा बसको व्यवस्था गरिएको थियो।

स्वागत कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डल, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेल र नेपाल रेल्वे कम्पनी लिमिटेडका प्रबन्ध

बाँकी पृष्ठ ४ ▶▶

सरयू-कमला एक्सप्रेसले धार्मिक पर्यटनसँगै रोजगारी .....

कला, हस्तकला, खानपान र स्थानीय उत्पादनको अनुभव लिने वातावरण बनाउनुपर्नेमा उनले जोड दिए।

रेल सेवाबाट होटल, रेस्टुरेन्ट, यातायात, हस्तकला, पर्यटन गाइड, होमस्टे तथा साना व्यवसायले लाभ लिन सक्ने उनको भनाइ छ। यसबाट नेपाल र भारतको मिथिला क्षेत्रका युवालाई सीप, पर्यटन, अतिथि सत्कार र उद्यमशीलतामार्फत रोजगारीका अवसर प्राप्त हुने उनले बताए।

साझा यात्राको महत्त्व औंल्याउँदै मन्त्री यादवले भने, 'आज हामी एउटा रेलगाडीको स्वागत मात्र गरिरहेका छैनौं, दुई देशको साझा इतिहास, साझा संस्कृति र जनस्तरको आत्मीय सम्बन्धको नयाँ यात्राको पनि स्वागत गरिरहेका छौं।' आफ्नो जिम्मेवारी र प्रतिबद्धताबारे स्पष्ट पार्दै उनले भने, 'म युवा, श्रम तथा रोजगारमन्त्रीका रूपमा जनकपुरधामलाई अन्तर्राष्ट्रिय पर्यटनसँगै सीप, रोजगार र उद्यमशीलताको पनि महत्त्वपूर्ण केन्द्र बनाउन प्रतिबद्ध छु।' रेल सेवाले दूरी घटाउने, अपनत्व बढाउने, पर्यटन बढाउने, व्यापार बढाउने र रोजगारी बढाउने उनको भनाइ छ।

सरयू-कमला एक्सप्रेसले करिब ६०४ किलोमिटर दूरीलाई करिब १९ घण्टाको यात्रामार्फत जोड्ने जानकारी दिँदै मन्त्री यादवले यसलाई नेपाल-भारतबिचको यातायात सहकार्यको महत्त्वपूर्ण उपलब्धिका रूपमा व्याख्या गरे। कार्यक्रममा उनले नेपालमा रेल सेवाको इतिहास पनि स्मरण गरे।

सन् १९२७ मा रक्सौल-अमलेखगञ्ज रेल सेवा सुरु भएको र त्यसको करिब १० वर्षपछि जयनगर-जनकपुर रेल सेवा सञ्चालनमा आएको उनले बताए। पुरानो रेल सेवा बन्द भएपछि नेपाल र भारत सरकारको सहकार्यमा आधुनिक ब्रोडगेज रेलमार्ग निर्माण तथा विस्तारको काम अघि बढेको र सन् २०२२ मा जयनगर-कुर्था रेल सेवा पुनः सञ्चालनमा आएको उनले उल्लेख गरे।



कुमार बेनलाई पक्राउ गर्न माग गर्दै वाईसीएल सचिवले .....

कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंमा हुलाकमार्फत जाहेरी पठाएका हुन्।

बेनसहितले प्रहरी हिरासतमा रहेका इनम सापकोटाको मोबाइलबाट प्रमाण मेटाएको र अनुसन्धान प्रभावित पारेको आरोप जाहेरीमा लगाइएको छ।

मोबाइल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हुँदै बेनको घरसम्म पुऱ्याइएको दाबी गर्दै त्यससम्बन्धी प्रमाणसमेत पेस गरिएको छ।

जाहेरीमा प्रधानमन्त्रीको सचिवालयका विशाल अधिकारी र चिराग श्रेष्ठ तथा गृहमन्त्रीको सचिवालयका जेम्स कार्कीमाथि समेत अनुसन्धान गर्न माग गरिएको छ।

यसअघि सोमबार प्रहरी परिसरमा जाहेरी दिन जाँदा प्रहरीले दर्ता गर्न अस्वीकार गरेपछि आफूले हुलाकमार्फत जाहेरी पठाएको उनले बताए।

३ वन बुट्यान पर्तीको तीन बिघा जग्गा व्यक्तिका नाममा दर्ता .....



प्रतिपादित नजिर तथा सम्बन्धित वन अधिकृतको स्थलगत प्रतिवेदनलाई आधार बनाएको जनाएको छ। कार्यालयको पत्रमा सर्वोच्च अदालतको 'इन्दु निरौला विरुद्ध जिल्ला वन कार्यालय मोरङ' मुद्दामा प्रतिपादित नजिर तथा सात्विक वन ऐन, २०४९ को दफा १६ र वन ऐन, २०७६ को दफा ७ का व्यवस्थासमेत उल्लेख गरिएको छ।

त्यसैगरी, सबडिभिजन वन कार्यालय गोलबजार, चोहर्वाका वन अधिकृत सत्यनारायण यादवले पेस गरेको स्थलगत प्रतिवेदनमा समेत विवादित जग्गा वन बुट्यान पर्तीका रूपमा रहेको उल्लेख भएको वन कार्यालयले जनाएको छ।

डिभिजन वन कार्यालय सिरहाका तत्कालीन डिभिजन वन अधिकृत सुजीतकुमार झाले २०८० कात्तिक १२ गते हस्ताक्षर गरेको पत्रमा तत्कालीन सुकुम्बासी समस्या समाधान आयोगको निर्णयका आधारमा भएको जग्गा वितरण, त्यसपछि विभिन्न व्यक्तिका नाममा भएको दर्ता तथा मारुती सिमेन्ट प्रालिका सञ्चालक मनोजकुमार गोयल र अनुज राठीका नाममा भएको बिक्री तथा नामसारीको दर्ता श्रेस्ता बदर गर्न अनुरोध गरिएको छ। साथै, विवादित जग्गालाई वन बुट्यानकै रूपमा यथावत् कायम गर्नसमेत आग्रह गरिएको छ।

पत्रमा वन ऐन, २०७६ को दफा ७ को उपदफा (४) बमोजिम दर्ता भएको लगत कट्टा गरी त्यसको जानकारी डिभिजन वन कार्यालयलाई उपलब्ध गराउन मालपोत कार्यालयसँग माग गरिएको छ।

उक्त पत्र भूमिसुधार तथा मालपोत कार्यालय सिरहामा २०८० कार्तिक १४ गते दर्ता भएको अभिलेखमा देखिन्छ। पत्रको दर्ता नम्बर ५९५४ रहेको छ।

वन कार्यालयले उक्त पत्रको बोधार्थ वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, गोलबजार नगरपालिका तथा सबडिभिजन वन कार्यालय गोलबजार, चोहर्वालाई समेत पठाएको थियो। गोलबजार नगरपालिकालाई विवादित जग्गासम्बन्धी करको लगतसमेत कट्टा गरी जानकारी दिन भनिएको थियो भने सबडिभिजन वन कार्यालयलाई नगरपालिकासँग समन्वय गर्न निर्देशन दिइएको थियो।

यद्यपि, वन कार्यालयले २०८० कात्तिकमै दर्ता श्रेस्ता बदर तथा लगत कट्टाका लागि औपचारिक पत्राचार गरे पनि हालसम्म उक्त प्रक्रिया टुंगोमा पुग्न सकेको छैन।

मालपोत प्रमुख भन्छन्: अख्तियारको अनुसन्धानका कारण प्रक्रिया रोकिएको छ

भूमिसुधार तथा मालपोत कार्यालय सिरहाका प्रमुख सुबोधकुमार ठाकुरले डिभिजन वन कार्यालयको पत्र धेरै पहिले प्राप्त भएको भए पनि हालसम्म जग्गाको लगत कट्टा नभएको बताए। उक्त जग्गासम्बन्धी विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत अनुसन्धान गरिरहेको उल्लेख गर्दै उनले अनुसन्धानको अवस्था र कानुनी प्रक्रियाका कारण हाल थप प्रक्रिया अघि नबढाइएको बताए।

मारुती सिमेन्ट: मालपोतको अभिलेख हेरेर जग्गा खरिद गरेका हौं

मारुती सिमेन्ट प्रालिका प्रतिनिधि मनोज श्रेष्ठले जग्गा खरिद गर्दा मालपोत कार्यालयको अभिलेखमा दर्ता श्रेस्ता कायम रहेकाले सोही आधारमा सम्बन्धित व्यक्तिहरूसँग खरिद गरिएको बताए। यस विषयमा यसअघि पनि विभिन्न निकायमा मुद्दा परेको उल्लेख गर्दै उनले हालसम्म लगत कट्टासम्बन्धी कुनै जानकारी आफूहरूलाई प्राप्त नभएको बताए।

वन क्षेत्रको जग्गा व्यक्तिका नाममा दर्ता भएको विषयमा वन कार्यालयले नै दर्ता बदर र लगत कट्टाका लागि औपचारिक पत्राचार गरिसकेको अवस्थामा पनि प्रक्रिया अघि नबढ्नुले सरकारी जग्गाको संरक्षण तथा प्रशासनिक जवाफदेहितामाथि प्रश्न उठाएको छ। विवादित जग्गाको वास्तविक प्रकृति, दर्ता प्रक्रियाको वैधानिकता र स्वामित्वसम्बन्धी विषय भने सम्बन्धित सरकारी अभिलेख, अनुसन्धान तथा न्यायिक प्रक्रियाबाट टुंगो लाग्नुपर्ने देखिन्छ।

डिभिजन वन कार्यालय लहानका सूचना अधिकारी राधेश्याम चौधरी

डिभिजन वन कार्यालय लहानका सूचना अधिकारी राधेश्याम चौधरीले भूमिसुधार तथा मालपोत कार्यालय सिरहाले वन कार्यालयबाट पठाइएको पत्र हालसम्म कार्यान्वयन नगरेको बताए। उनका अनुसार वन कार्यालयले पटक-पटक मौखिक तथा लिखित रूपमा ताकेता गरे पनि जग्गाको लगत कट्टा हुन सकेको छैन।

"कहिले सरकारी वकिलको कार्यालयबाट राय मागिएको र कहिले विभागबाट राय मागिएको भन्दै मालपोत कार्यालयले प्रक्रिया अघि बढाएको छैन," चौधरीले भने, "जबकि वन ऐन, २०७६ को दफा ७ को उपदफा (४) मा यस विषयमा राय वा निर्देशन लिनुपर्ने व्यवस्था छैन। त्यसैले वन बुट्यान पर्ती उल्लेख भएका जग्गाहरूको यथाशीघ्र लगत कट्टा गरी त्यसको जानकारी वन कार्यालयलाई पठाउन पुनः अनुरोध गरेका छौं।"

नापी कार्यालय सिरहाका सूचना अधिकारी दिपेन्द्र यादवको भनाइ

नापी कार्यालयको फिल्डबुक रेकर्ड अनुसार सिरहाको सात्विक चन्द्रउदयपुर गाविस वडा नं. ८(क) का कित्ता नम्बर २०० को ०-१७-१०, कित्ता नम्बर २०२ को ०-१५-६ र कित्ता नम्बर २०६ को १-७-८ गरी जम्मा ३ बिघा ० कट्ठा ४ धुर जग्गा वन बुटेन पर्तीका रूपमा रहेको बताएका छन्।

रेल स्वागतपछि मधेशका मुख्यमन्त्रीको माग .....

सञ्चालक परिवेश पराजुलीलगायत सहभागी थिए ।

स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले जनकपुरधाम आउने भारतीय नम्बर प्लेटका सवारीसाधनलाई २४ घण्टासम्म भन्सार छुट दिन दुवै देशका प्रधानमन्त्रीसँग माग गरेका छन् । मधेश प्रदेशको राजधानी जनकपुरधाममा भारतीय पर्यटकको आवागमन सहज बनाउन यस्तो व्यवस्था आवश्यक रहेको उनको भनाइ थियो ।

उनले मधेश प्रदेशका विभिन्न जिल्लामा बन्द रहेका छोटी भन्सार कार्यालयहरू पुनः सञ्चालन गर्नसमेत माग गरे । छोटी भन्सार कार्यालय बन्द हुँदा सीमावर्ती क्षेत्रका सर्वसाधारणले अनावश्यक सास्ती भोग्नुपरेको उनले बताए ।

जनकपुरधाम र अयोध्याबीच रेल सेवा सञ्चालन हुनु नेपाल-भारत सम्बन्धमा नयाँ आयाम थपिएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले यो सेवा धेरै पहिल्यै सुरु हुनुपर्ने बताए । नेपालको राजनीतिक अस्थिरताका कारण लामो समयसम्म सञ्चालन हुन नसकेको रेल सेवा अहिले सुरु हुनु सकारात्मक भएको उनको भनाइ थियो ।

रेल सेवा सञ्चालनका लागि पहल गरेको भन्दै उनले प्रधानमन्त्री शाहलाई धन्यवादसमेत दिए । यससँगै जनकपुरधाम र अयोध्याबीच हवाई सेवा पनि सञ्चालन गर्नुपर्नेमा उनले जोड दिए ।

मधेशको संस्कृति स्वीकार, अधिकार अझै .....

दलहरूको असफलता वा कमजोरीले मधेश आन्दोलनका मुद्दा गलत प्रमाणित गर्दैनन् । संघीयता, पहिचान, समानुपातिक प्रतिनिधित्व र स्वशासन कुनै एउटा पार्टीको निजी एजेन्डा होइनन् । यी संविधान, लोकतन्त्र र समान नागरिक अधिकारसँग जोडिएका विषय हुन् । नयाँ दलहरूले मधेशमा समर्थन पाउनु स्वाभाविक हो । तर, पुराना दलको विकल्प बन्नु भनेको केवल नयाँ अनुहार प्रस्तुत गर्नु होइन । मधेशलाई हेर्ने दृष्टिकोण, राज्यसत्ताको संरचना र अधिकारको बाँडफाँटमा पनि परिवर्तन देखिनुपर्छ ।

तथापि, आज राष्ट्रिय राजनीतिका नेताहरू मधेशका गाउँ, सहर र छठ घाटसम्म पुगुन् तथा मधेशको भाषा, संस्कृति, पहिरन, खानपान र धार्मिक परम्पराप्रति सार्वजनिक रूपमा चासो देखाउनुलाई केवल राजनीतिक शिष्टाचारका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन । यसको पछाडि मधेशी समाजले दशकौंदेखि गर्दै आएको पहिचान र आत्मसम्मानको ऐतिहासिक संघर्ष जोडिएको छ ।

एक समय मधेशको भाषा, संस्कृति, पहिरन र पहिचान राष्ट्रिय राजनीतिको मूलधारमा पर्याप्त सम्मानका साथ स्वीकार गरिँदैनथ्यो । राज्यका निर्णायक तहमा मधेशी समुदायको उपस्थिति सीमित थियो । नागरिकता, भाषा, प्रतिनिधित्व र समान अवसरका सवाल उठाउँदा पनि तिनलाई सहज रूपमा सम्बोधन गरिँदैनथ्यो । यही पृष्ठभूमिमा गजेन्द्रनारायण सिंहले मधेशी समाजको आत्मसम्मान, पहिचान र समान अधिकारको आवाजलाई संगठित राजनीतिक अभिव्यक्ति दिनुभयो । पञ्चायतकालमा नेपाल सद्भावना परिषद् गठन गरेर सुरु भएको उहाँको राजनीतिक यात्राले बहुदलीय व्यवस्था पुनःस्थापनापछि नेपाल सद्भावना पार्टीको रूप लियो । उहाँले नागरिकता, भाषा, सांस्कृतिक पहिचान, राजनीतिक प्रतिनिधित्व र मधेशी समुदायको राज्यमा उचित हिस्सेदारीका सवाललाई राष्ट्रिय बहसमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्नुभयो । संसद्मा धोती-कुर्ता र गम्छा लगाएर उपस्थित हुनु पनि उहाँका लागि केवल पहिरनको विषय थिएन । त्यो नेपाली राष्ट्रिय पहिचान कुनै एक भाषा, संस्कृति वा पहिरनको एकाधिकार होइन भन्ने राजनीतिक सन्देश थियो ।

गजेन्द्रनारायण सिंहले उठाउनुभएको पहिचान र अधिकारको आवाजलाई त्यसपछिका पुस्ताले निरन्तरता दिए । यस यात्रामा राजेन्द्र महतोसहित अनेकौं नेता, कार्यकर्ता र आन्दोलनकारीहरूको योगदान रह्यो । मधेशका नागरिकले सडकदेखि संसद्सम्म गरेको संघर्षले संघीयता, समावेशिता, समानुपातिक प्रतिनिधित्व र राजनीतिक अधिकारका मुद्दालाई थप बलियो बनायो । २०६३/०६४ र २०७२ सालका मधेश आन्दोलनले नेपाली राज्यको संरचना र राजनीतिक सोचमाथि गम्भीर प्रश्न उठाए । ती आन्दोलनमा नागरिकहरूले ठूलो त्याग र बलिदान गरे । त्यस संघर्षले संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र संविधानमा समावेशी सिद्धान्त स्थापित गर्ने प्रक्रियामा महत्त्वपूर्ण दबाब सिर्जना गऱ्यो ।

यसको श्रेय कुनै एक नेता वा दललाई मात्र दिन मिल्दैन । तर, मधेशको पहिचान र अधिकारको आवाजलाई राष्ट्रिय राजनीतिको केन्द्रसम्म पुऱ्याउन गजेन्द्रनारायण सिंहदेखि राजेन्द्र महतोसम्मका नेताहरू तथा आन्दोलनमा सहभागी हजारौं नागरिकको योगदानलाई पनि बिर्सन सकिँदैन । छठ पर्व मधेशको आफ्नै ऐतिहासिक र सांस्कृतिक परम्परा हो । यसलाई राष्ट्रिय स्तरमा चिनाउन मधेशी समाज, धार्मिक संस्थाहरू र विभिन्न समुदायको निरन्तर योगदान रहँदै आएको छ । मधेश आन्दोलनले भने मधेशको पहिचान, संस्कृति र अधिकारका सवाललाई राष्ट्रिय राजनीतिक बहसमा थप प्रभावकारी रूपमा स्थापित गर्न मद्दत गरेको हो ।

यसर्थ, छठ घाटमा राष्ट्रिय नेताहरूको उपस्थिति सकारात्मक सन्देश हुन सक्छ । तर, त्यो उपस्थितिले मधेशका जनतामा नयाँ आशा जगाउने हो भने त्यसलाई व्यवहारमा प्रमाणित गर्नुपर्छ । मधेशका नागरिकले संसद्मा आफ्नो आवाज प्रभावकारी रूपमा सुनियोस् भन्ने चाहेका छन् । राज्यका निर्णायक तहमा समानुपातिक र सम्मानजनक प्रतिनिधित्व होस् भन्ने चाहेका छन् । विकास बजेटको न्यायोचित वितरण होस्, प्रदेशले संविधानअनुसार अधिकार पाओस् र सुरक्षा निकाय, निजामती प्रशासन तथा न्यायालयमा समान अवसर सुनिश्चित होस् भन्ने चाहेका छन् ।

छठ घाटमा देखिएको भिडलाई कुनै नेताको लोकप्रियताको प्रमाण वा कुनै पार्टीको सुनिश्चित मतका रूपमा बुझ्नु राजनीतिक भूल हुनेछ । त्यो भिड आस्थाको हो, विश्वासको हो र पुस्तौंदेखि चल्दै आएको सांस्कृतिक परम्पराको निरन्तरता हो । त्यसलाई राजनीतिक समर्थन ठान्ने कि जनताको अपेक्षा बुझ्ने अवसरका रूपमा लिने भन्ने कुरा सम्बन्धित नेताहरूको राजनीतिक परिपक्वतामा निर्भर गर्छ ।

आज मधेशलाई चाहिएको कुरा केवल नेताहरूको आगमन होइन, उनीहरूको सोच र व्यवहारमा परिवर्तन हो । मधेशको संस्कृति स्वीकार गर्ने मात्र होइन, मधेशको अधिकार पनि स्वीकार गर्नुपर्छ । मधेशको मत माग्ने मात्र होइन, निर्णय प्रक्रियामा मधेशलाई बराबरीको स्थान दिनुपर्छ ।

अन्ततः मधेशले खोजेको कुरा कुनै दल वा नेताको कृपा होइन । यो समानता, सम्मान, पहिचान र संविधानप्रदत्त अधिकारको प्रश्न हो । छठ घाटमा हात जोड्ने नेताहरूले अब मधेशका जनताको अधिकार र आत्मसम्मानका सवालमा पनि त्यत्तिकै गम्भीर भएर उभिनुपर्छ । किनकि मधेशलाई पर्वका बेला सम्झिने होइन, राज्यका हरेक निर्णयमा बराबरीको साझेदार बनाउने समय आएको छ ।

सामाचकेवा पर्व विधिपूर्वक .....

सिरहा नगरपालिका-११ की सृष्टि कामतीका अनुसार साथीहरूसँग गीत गाउने, ख्यालठट्टा गर्ने र रमाइलो गर्ने क्रममा ११ दिन कसरी बित्छ भन्ने पत्ते हुँदैन । उनका अनुसार सामाचकेवा पर्वले दिदीबहिनीलाई एकै ठाउँमा भेला हुने र आपसी सम्बन्धलाई थप आत्मीय बनाउने अवसर प्रदान गर्छ ।

पौराणिक कथाअनुसार द्वापरयुगमा भगवान् श्रीकृष्णकी छोरी सामा र उनका प्रेमी चक्रधर (चकेवा) बीचको प्रेम सम्बन्धबारे चुगालाले गलत कुरा लगाएपछि श्रीकृष्णले दुवैलाई चराको रूप धारण गर्ने श्राप दिएका थिए । पछि श्रीकृष्णका पुत्र साम्बले आफ्नो प्रयासबाट उनीहरूलाई श्रापमुक्त गराएको र विवाहसमेत गराएको जनविश्वास छ । दाजुभाइको यही योगदानको स्मरण गर्दै दिदीबहिनीले दाजुभाइप्रति प्रेम र कृतज्ञता व्यक्त गर्ने परम्पराका रूपमा सामाचकेवा पर्व मनाउन थालिएको मानिन्छ । मिथिलाको मौलिक लोकसंस्कृति, परम्परा र पारिवारिक सम्बन्धसँग जोडिएको सामाचकेवा पर्वले दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम, विश्वास र सद्भावलाई पुस्तान्तरण गर्दै आएको छ ।



सुनकोशी-मरिण डाइभर्सन आयोजना रोकिए मधेश आन्दोलित हुने मनिष झाको चेतावनी

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०८ गते

रास्वपा सांसद मनिष झाले सुनकोशी-मरिण डाइभर्सन आयोजना रोकिए मधेश आन्दोलित हुने चेतावनी दिएका छन् । वर्षौंदेखि अन्योलमा रहेको आयोजना अघि बढाउने स्पष्ट योजना र समयसीमा सार्वजनिक गर्न उनले सरकार तथा सम्बन्धित निकायसँग माग समेत गरेका छन् ।

मंगलबारको सार्वजनिक लेखा समितिको बैठकमा बोल्दै झाले भने, 'रद्द भयो भने त यो मधेश आन्दोलित हुने बाहेक अर्को कुनै उपाय नै हुँदैन ।'

सुनकोशी-मरिण डाइभर्सन आयोजना मधेशका लागि महत्वपूर्ण परियोजना भएको भन्दै यसको काम रोकिँदा प्रदेशका कृषक तथा नागरिक निराश भएको बताए । उनले आयोजना अघि बढाउने स्पष्ट कार्ययोजना, काम रोकिएको कारण र आगामी बाटोबारे सम्बन्धित निकायले स्पष्ट पार्नुपर्नेमा जोड दिए ।

करिब ६ वर्षअघि सुरु भएको आयोजनाले बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषाको केही क्षेत्रमा गरी करिब १ लाख ८० हजार बिघा जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखे पनि हाल यसको ठेक्का रद्द गरिएको छ । आयोजनाबाट २८ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसमेत रहेको उल्लेख गर्दै झाले यसलाई राष्ट्रिय गौरवको बहुउद्देश्यीय परियोजनाका रूपमा अघि बढाइएको बताए ।

आयोजनाको १३.३ किलोमिटर लामो सुरुङको ब्रेक थ्रु २०८१ बैशाख २६ गते भए पनि त्यसपछि काम अघि नबढेको भन्दै उनले प्रश्न उठाए । 'ब्रेक थ्रु भइसकेको दुई वर्षभन्दा बढी समय भइसक्दा पनि काम अगाडि बढेको छैन । यो नबढ्नुको कारण के हो, बन्द हुने स्थिति के हो र आगामी वे फरवार्ड के हो ? यी तीनवटा कुरामा थप स्पष्टता भइदिए राम्रो हुन्थ्यो,' उनले भने ।

मधेशमा कृषि नै प्रमुख आर्थिक स्रोत रहेको उल्लेख गर्दै झाले सिँचाइका आयोजना अन्योलमा रहँदा कृषि उत्पादन र क्षेत्रको भविष्य प्रभावित हुने बताए । 'मधेशसँग देखाउनलाई हिमाल छैन, उत्पादन गर्न हाइड्रो पनि छैन । भएकै एउटा खेती छ, त्यसमा पनि तपार्ईंहरू यस्तो अल्झाएर राख्नुहुन्छ,' उनले भने ।

सुनकोशी-मरिण डाइभर्सनले मधेशमा बढ्दो मरुभूमीकरण रोक्न र पानीको उपलब्धता बढाउन महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा नागरिकले राखेको भन्दै उनले आयोजना अघि बढाउन अनावश्यक ढिलाइ नगर्न आग्रह गरे ।

आयोजना अघि बढाउने स्पष्ट योजना भए सांसदहरूले संसद् तथा विभिन्न निकायमा आवाज उठाएर काम अघि बढाउन दबाब दिन सक्ने भन्दै झाले सम्बन्धित निकायसँग थप जानकारी र समाधानको बाटो प्रस्तुत गर्न माग गरे ।

टेन्डरका सबै प्रक्रिया पूरा भइसकेको अवस्थामा अन्तिम समयमा सिभिल, हाइड्रोमेकानिकल तथा सम्बन्धित संरचना निर्माणका लागि आह्वान गरेको ठेक्का रद्द गरिएको र यो प्रक्रियासंगत रूपमा त्रुटिपूर्ण रहेको भनेर प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा उजुरी परेको छ ।



उजुरी प्राप्त भएपछि समितिले आजको बैठकमा छलफल थालेको हो । छलफलमा जलस्रोत तथा सिंचाइ विभागका महानिर्देशक दिनेश रजौरिया लगायत उपस्थित छन् । रजौरियाले ठेक्का प्रक्रिया रद्द गर्ने निर्णय कानुनसम्मत रहेको दाबी गरेका छन् ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

सप्तरीमा हात्तीको आक्रमणबाट दुई युवक घाइते .....

स्थानीयले उद्धार गरेर गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भर्ना गरेका थिए । त्यहाँ उपचार सम्भव नभएपछि छिन्नमस्ता अस्पताल राजविराज पठाइएको वडाध्यक्ष चौधरीले बताए ।

हात्तीले गुम्बा टोलकै ७३ वर्षीया दशनी देवीको घर तोडफोड गर्दा घरभित्र भएको खाद्यान्न, लत्ताकपडा, फर्निचरलगायतका सरसमानमा क्षति पुगेको छ । 'घर तोडेर हात्तीले सबै खाद्यान्न खाइसकेको छ भने फर्निचर पनि पूर्ण रुपमा तोडफोड गर्दा १० लाखभन्दा बढी बराबरको क्षति भएको छ', उनले भनिन्, 'हात्तीले घर तोड्न लाग्दा घरमै सुतेकी ७ वर्षीया नातिनी आकृतिलाई जसोतसो जोगायौं ।'

आक्रमण परेका रुपनी-६, का यादवको घुँडा र हातमा चोट लागेको छ । त्यहाँ पनि हात्तीले शुभलाल यादवको धान खाएर क्षति पुऱ्याएको छ । स्थानीय शैलेन्द्रकुमार यादवको खेत, ज्ञानबहादुर थापा मगरको तीन कोठे घर, चन्द्रबहादुर पोखरेलको घर र भित्र रहेको दराज तथा भाँडाकुँडा फुटाएर क्षति पुऱ्याएको छ । हात्तीले वडा ६ का ज्ञानबहादुर आले, प्रेम लायो, लालबहादुर राई, मिरा तामाङ मगर र तनुकलाल चौधरी घर तथा दिलकुमारी चौधरी र सूर्यनारायण महतोको गोठ तोडफोड गरी क्षति पुऱ्याएको छ । उनीहरुका घरसहित घरमा रहेको खाद्यान्न, लत्ताकपडा, विद्युतीय उपकरण गरी २० लाख रुपैयाँ भन्दाबढीको क्षति गरेको वडासदस्य सूर्यनारायण मेहतालेे जानकारी दिए । उनकाअनुसार हात्तीले सयौं किसानले लगाएको धान, कोदो, केरा र तरकारी बालीमा क्षति पुऱ्याएको हो । हात्तीले भिक्षु कुटीमासमेत तोडफोड क्षति पुऱ्याएको जनाइएको छ ।

डिभिजन वन कार्यालयका प्रमुख डिभिजनल वन अधिकृत मनोज ठाकुरले ड्रोनबाट निगरानी गरेर हात्तीलाई कोशी टप्पु वन्यजन्तु आरक्षतर्फ लखेट्ने कार्यमा लागेको बताए । 'हामी पनि केही सातादेखि प्रयासमै छौं तर कोशी नदीमा बढी पानी रहेका कारण छावा पनि रहेकाले हात्तीले नदी पार गरेन,' उनले भने, '२५/३० संख्यामा हात्ती रहेकाले पनि लखेट्न कठिनाइ भइरहेको छ ।'

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले हात्तीलाई प्राकृतिक उपायबाट धपाउने कार्यका लागि प्रयास भइरहेको बताए । 'जंगली हात्तीले गर्दै आएको क्षति कम गर्नका लागि घेराबेराको आवश्यकता देखिन्छ । त्यसकालागि हामीले प्रदेश सरकारलाई पत्राचारसमेत गरेका छौं तर त्यहाँबाट अहिलेसम्म कुनै रेस्पोन्स आएको छैन,' उनले भने, 'हामी स्थानीय सरकारसँग पनि समन्वय गर्दैछौं ।'

